ANNEX XIV: MAPS AND DRAWINGS SHOWING THE ROAD ALIGNMENT AND DESIGN


Buddhabatika
Mahendrakot
Barakulpur
Nepal
End Point
Momi
Ghanchaura
Shivrapur
Shivaraj
Champapur
Gorusinghe Start Point
Gorusinghe
Imilia
Chanauta
Khairenipur
Budhi
Hariharpur
Thunhiya
Manpur
Rajpur
Balarampur
Dharkauli
C H I N
NEPAL
Butwal
KATHMANDU
I N D I A


N
W
E
S
Legend
SymbolID
Chainage
SymbolID
Alignment
Landuse Map
Label
Waterbody
Snow
Riverbed
Other wooded land
Grassland
Glacier
Forest
Cropland
Built-up area
Bare soil
Bare rock
Ch 660+000 Ch 660+038
Ch 659+000
Ch 658+000
Ch 657+000
Ch 656+000
Ch 655+000
Ch 654+000
Ch 653+000
Ch 652+000
Ch 651+000
Ch 650+000
Ch 649+000
Ch 647+000
Ch 646+000
Ch 645+000
Ch 644+000
Ch 643+000
Ch 642+000
Ch 641+000
Ch 640+200



Topographical Map of Project Area



Geological Map of Project Area

Design Drawings of the Road

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं









NOTES:

1. ALL DIMENSIONS ARE IN MILLIMETER UNLESS OTHERWISE MENTIONED.
2. NON WOVEN GEO SYNTHETIC SHOULD BE Separation requirement meeting Type-1 Geotextile meeting of Cl. 627 SS & Cl.8.3 AASTHO M288.

CLIENT :	PROJECT :	CONSULTANT :	SHEET TITLE :	SCALE :	CONSULTANT :	NAME	SIGNATURE	DATE :	DRAWING NO.
Government of Nepal Ministry of Physical Infrastructure and Transport Department of Roads Development Cooperation Implementation Division Accelerating Transport and Trade Connectivity in Eastern South Asia (ACCESS) - Nepal Phase 1 Project	Detailed Engineering Survey & Design of Upgradation Works for Gorusinghe - Chanauta (19km) Highway Section & Associated Bridges	LEA ASSOCIATES SOUTH ASIA (P) LTD. IN ASSOCIATION WITH GEOCOM INTERNATIONAL (P) LTD. AND MATERIAL TEST (P) LTD. NEPAL	TCS	AS SHOWN	DESIGNED BY:	A. K. YADAV		Dec. 2024	LEA/GI-DRAFT-R00-001
					CHECKED BY:	I. S. MAVI		REVISION NO.	SHEET NO.
					APPROVED BY:	I. S. MAVI		Rev 00	001



NOTES:

1. ALL DIMENSIONS ARE IN MILLIMETER UNLESS OTHERWISE MENTIONED.
2. NON WOVEN GEO SYNTHETIC SHOULD BE Separation requirement meeting Type-1 Geotextile meeting of Cl. 627 SS & Cl.8.5 AASTHO M288.
3. SPACING OF STREET LIGHT @ 40m c/c.

CLIENT :	PROJECT :	CONSULTANT :	SHEET TITLE :	SCALE :	CONSULTANT :	NAME	SIGNATURE	DATE :	DRAWING NO.
Government of Nepal Ministry of Physical Infrastructure and Transport **Department of Roads** Development Cooperation Implementation Division **Accelerating Transport and Trade Connectivity in Eastern South Asia (ACCESS) - Nepal Phase 1 Project**	Detailed Engineering Survey & Design of Upgradation Works for **Gorusinghe - Chanauta (18km)** Highway Section & Associated Bridges	**LEA ASSOCIATES SOUTH ASIA** (P) LTD. IN ASSOCIATION WITH GEOCOM INTERNATIONAL (P) LTD AND MATERIAL TEST (P) LTD. NEPAL	**TCS**	**AS SHOWN**	DESIGNED BY:	A. K. YADAV		Dec. 2024	LEA/GI-DRAFT-R00-001
					CHECKED BY:	I. S. MAVI		REVISION NO.	SHEET NO.
					APPROVED BY:	I. S. MAVI		Rev 00	002



CLIENT :	PROJECT :	CONSULTANT :	SHEET TITLE :	SCALE :	CONSULTANT :	NAME	SIGNATURE	DATE :	DRAWING NO.
Government of Nepal Ministry of Physical Infrastructure and Transport Department of Roads Development Cooperation Implementation Division Accelerating Transport and Trade Connectivity in Eastern South Asia (ACCESS) - Nepal Phase 1 Project	Detailed Engineering Survey & Design of Upgradation Works for Gorusinghe - Chanauta (19km) Highway Section & Associated Bridges	LEA ASSOCIATES SOUTH ASIA (P) LTD IN ASSOCIATION WITH GEOCOM INTERNATIONAL (P) LTD AND MATERIAL TEST (P) LTD NEPAL	TCS	AS SHOWN	DESIGNED BY:	A. K. YADAV	[signature]	Dec. 2024	LEA/GI-DRAFT-R00-001
					CHECKED BY:	I. S. MAVI	[signature]	REVISION NO.	SHEET NO.
					APPROVED BY:	I. S. MAVI	[signature]	Rev 00	003


Kerb stone (325X165X300)
non-woven geo-synthetic over GSB layer
BC
DBM
WMM-II
WMM-I
GSB-II
GSB-I
SUB - GRADE
DETAIL- A
SCALE 1:100
KERB FOR DETAIL - A
SCALE 1:20
(TCS - 03) WITH DRAIN CUM FOOTPATH
(CONCENTRIC WIDENING)
EXISTING CARRIAGEWAY
(TCS - 04) AT RURAL AREA
(ECCENTRIC LEFT WIDENING)
NOTES:
1. ALL DIMENSIONS ARE IN MILLIMETER UNLESS OTHERWISE MENTIONED.
2. NON WOVEN GEO SYNTHETIC SHOULD BE Separation requirement meeting Type-1 Geotextile meeting of Cl. 627 SS & Cl 8.3 AASTHO M288.
3. SPACING OF STREET LIGHT @ 40m c/c.
CLIENT:
Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Accelerating Transport and Trade Connectivity in Eastern South Asia (ACCESS) - Nepal Phase 1 Project
PROJECT:
Detailed Engineering Survey & Design of Upgradation Works for Gorusinghe - Chanauta (19km) Highway Section & Associated Bridges
CONSULTANT:
LEA ASSOCIATES SOUTH ASIA
SHEET TITLE: TCS
SCALE: AS SHOWN
DESIGNED BY A. K. YADAV
CHECKED BY I. S. MAHI
APPROVED BY I. S. MAHI
DRAWING NO.
REVISION NO.
SHEET NO. 004


EXISTING CARRIAGEWAY
PROFILE CORRECTION
TYPE-1
4-LANE (2X2) CARRIAGEWAY (SUPER ELEVATED)
(ECCENTRIC LEFT WIDENING)
DRAINAGE ARRANGEMENT PLAN
NOTES:
1. ALL DIMENSIONS ARE IN MILLIMETER UNLESS OTHERWISE MENTIONED.
2. NON WOVEN GEO SYNTHETIC SHOULD BE Separation requirement meeting Type-1 Geotextile meeting of Cl. 627 SS & Cl 8.3 AASHTO M288
CLIENT:
Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Accelerating Transport and Trade Connectivity in Eastern South Asia (ACCESS) - Nepal Phase 1 Project
PROJECT:
Detailed Engineering Survey & Design of Upgradation Works for Gorusinghe - Chanauta (19km) Highway Section & Associated Bridges
CONSULTANT:
LEA ASSOCIATES SOUTH ASIA
SHEET TITLE: TCS
SCALE: AS SHOWN
DESIGNED BY A. K. YADAV
CHECKED BY I. S. MAHI
APPROVED BY I. S. MAHI
SHEET NO. 005

ANNEX XV: PHOTOGRAPHS RELATED WITH STUDY

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

Existing two-lane sections

Existing major bridge (CH 640+200)

Belwagurdawa river (CH 640+200)

Forest area on both side of road (CH 670+320)

Consultation Meeting with DFO in Taulihawa

Consultation Meeting in Shivaraj Municipality, Chandrauta (CH 651+400)

Consultation with Mayor of Buddhibhumi Municipality at Sub Division Office

Consultation with Ward Chairs at Shivaraj Municipality ward No-4, Chandrauta

Cremation site near Bel River (CH 648+600)

Feral Cattle Rescue Center (CH 647+800)

Forest Fire along the road (CH 644+400)

Solid waste dumps in the Culvert area (CH 649+400)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

ANNEX XVI: SYNOPSIS REPORT IN NEPALI LANGUAGE

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग अन्तर्गत गोरुसिङ्गे-चन्द्रौटा सडक खण्ड (१९.२ कि.मि.) स्तरोन्नति कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको संक्षिप्त प्रतिवेदन

कपिलबस्तु जिल्ला, लुम्बिनी प्रदेश

पेश गरिएको निकाय

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्रस्तावक

सडक विभाग

विकास सहायता कार्यान्वयन महाशाखा

बबरमहल, काठमाडौं

ईमेल: dorfcb@dor.gov.np

श्रावण, २०८२

विषय सूची

१. प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगाना १
२. प्रारम्भिक वातावरणीय परीक्षणको सान्दर्भिकता १
३. प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्य २
४. आयोजनाको परिचय २
५. प्रस्ताव/आयोजनाको विस्तृत विवरण ४
६. अध्ययन विधि ४
७. विद्यमान वातावरणीय अवस्था ६
८. वातावरणीय प्रभावहरु ८
९. वातावरणीय व्यवस्थापन योजना १७
१०. वातावरणीय व्यवस्थापनको लागि अनुमानित लागत २६
११. वातावरणीय अनुगमन २८
१२. निष्कर्ष ४०

१. प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगाना

१.१ प्रस्तावक

पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग अन्तर्गत गोरुसिङ्गे-चन्द्रौटा सडक खण्ड (१९.२ कि.मि.) स्तरोन्नति कार्यको प्रस्तावक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, बबरमहल, काठमाडौं रहेको छ।

<u>पत्राचार गर्ने पूर्ण ठेगाना</u>

सडक विभाग,
विकास सहायता कार्यान्वयन महाशाखा
बबरमहल, काठमाडौं
ईमेल: dorfcb@dor.gov.np
फोन नं: ९७७-०१-५९०३७५३

१.२ परामर्शदाता

प्रस्तावकको तर्फबाट LEA Associates South Asia Pvt. Ltd., इन्डिया, जियोकम इन्टरनेशनल प्रा. लि र म्याटिरियल टेष्ट प्रा लि. जे.भी ले यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गरेको छ।

<u>परामर्शदाताको पत्राचार गर्ने पूर्ण ठेगाना</u>

LEA Associates South Asia Pvt. Ltd., इन्डिया, जियोकम इन्टरनेशनल प्रा. लि. र म्याटिरियल टेष्ट प्रा. लि. जे.भी
धोबिघाट, ललितपुर
ईमेल: accgeocom@gmail.com.np
फोन नं: ९७७-०१-५१५३०४९

२. प्रारम्भिक वातावरणीय परीक्षणको सान्दर्भिकता

वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ (अनुसूची हेरफेर २०७८) को (घ) सडक क्षेत्र अन्तर्गतको बुँदा न. (८) अनुसार १० किलोमिटर भन्दा बढी ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई बृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण आवश्यक पर्दछ। प्रस्तावित सडक खण्ड १९.२ कि.मि लम्बाई भएकोले यसको स्तरोन्नति गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रारम्भिक वातावरणीय परीक्षण आवश्यक पर्दछ। मिति २०३४ साल असार २० गते प्रकाशित राजपत्र अनुसार महेन्द्र राजमार्गको केन्द्र रेखा देखि दायाँ बायाँ दुबैतिर पच्चीस पच्चीस मिटर गरी ५० मिटर सिमा तोकिएको छ। प्रस्तावित आयोजनाले सोही सिमा भित्र मात्र निर्माण कार्य गर्ने छ र कुनै वन क्षेत्र

वा संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्नुपर्ने छैन। प्रस्तावित सडकको चेनेज ६४०+००० (बेलवागुर्दवा नदी नजिकै) देखि ६५९+२०० (उमरी चोक/शिवपुर चोक) सम्म जोडिएको छ।

३. प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्य

प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य यस सडक खण्डको निर्माण गर्दा प्रभावित क्षेत्रको वातावरणीय पक्षहरूको अध्ययन गरी भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभावहरू पहिचान एवं मूल्याङ्कन गरी सकारात्मक प्रभाव बढाउने र नकारात्मक प्रभावको न्यूनीकरणका उपायहरू पत्ता लगाई वातावरण व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्नु रहेको छ।

४. आयोजनाको परिचय

प्रस्तावित पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग अन्तर्गत गोरुसिङ्गे-चन्द्रौटा सडक खण्ड (१९.२ कि.मि.) स्तरोन्नति कार्यको प्रस्तावक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, बबरमहल, काठमाडौं, रहेको छ।

गोरुसिङ्गे-चन्द्रौटा सडक खण्ड कपिलबस्तु जिल्लाको बेलवागुर्दवा पुल नजिकै (चेनेज ६४०+०००) बाट सुरु भई कपिलबस्तु जिल्लाको उमरी चोक/शिवपुर चोक (चेनेज ६५९+२००)मा अन्त्य हुन्छ ।पुर्व पश्चिम (महेन्द्र) राजमार्गको यो खण्ड लुम्बिनी प्रदेशको कपिलबस्तु जिल्ला भएर जान्छ, जसमा २ नगरपालिका पर्दछन्।

प्रस्तावित सडक १९.२ कि.मि. लम्बाईको रहेको छ। विद्यमान सडकलाई एशियाली राजमार्गको मापदण्डमा स्तरोन्नति गर्न प्रस्ताव गरिएको छ। यसको लागि हालको २ लेनबाट ४ लेन स्तरमा स्तरोन्नति साथै आवश्यकता अनुसार ८ वटा साना तथा ठूला पुलहरूको स्तरोन्नति/निर्माण गरिनेछ । प्रस्तावित सडकको क्षेत्राधिकार (Right of Way) ५० मि. (मध्य रेखा बाट दुवै तर्फ २५-२५गरि ५० मि.) को रहेको छ जसमा सडकको बीचमा ३ मि. को median रहेको छ। प्रस्तावित सडकको design speed १०० कि. मि. प्रति घण्टा रहने छ। प्रस्तावित सडकमा २ वटा ठूला पुलहरु, ६ वटा साना पुलहरु, ७ पाइप कल्भर्ट, ६४ बक्स कल्भर्ट निर्माण गरिनेछ। प्रस्तावित सडक स्तरोन्नतिको लागि रु. ८ अर्ब ४६ करोड खर्च हुने अनुमान गरिएको छ।प्रस्तावित आयोजनाको विशेषताहरू निम्न तालिकामा देखाइएको छ।

तालिका १: प्रस्तावित आयोजनाको विशेषताहरू

विवरण	आयोजनाको मुख्य विशेषताहरू
आयोजनाको नाम	पूर्व-पश्चिम राजमार्ग अन्तर्गत गोरुसिङ्गे-चन्द्रौटा सडक खण्ड (१९.२ कि.मि.) स्तरोन्नति आयोजना
भौगोलिक अवस्थिति	
आयोजना संचालन हुने प्रदेश	लुम्बिनी प्रदेश
जिल्लाहरु	कपिलवस्तु
स्थानीय तह	बुद्धभूमि नगरपालिका: (वडा न. ९) कपिलवस्तु जिल्ला शिवराज नगरपालिका: (वडा न. १,३, ४,५) कपिलबस्तु जिल्ला
सुरु विन्दु	बेलवागुर्दवा पुल (चेनेज ६४०+०००) (अक्षांश: २७°३९'२७.५०"उ., देशान्तर: ८२°५९'४७.१५"पू.)
अन्तिम विन्दु	उमरी चोक/शिवपुर चोक (चेनेज ६५९+२००) (अक्षांश: २७°४१'२४.५९"उ., देशान्तर: ८२°५०'२२.४५"पू.)
आयोजना संचालन हुने जिल्ला, नगरपालिकाहरू	कपिलबस्तु जिल्ला: बुद्धभुमि नगरपालिका र शिवराज नगरपालिका
प्रमुख बस्तीहरू	इमिलिया, डुमरा, बरकलपुर, चम्पापुर, खरेन्द्रपुर, चन्द्रौटा, बालापुर, खैरी र शिवपुर
जलवायु/ मौसम	उष्ण प्रदेशिय
भू-गर्भ	तराईको समथर भूभाग
सडकको बर्गिकरण	
सडकको बर्गिकरण	राष्ट्रिय राजमार्ग (H1)
सडकको लम्बाई	१९.२ कि.मि.
क्रस सेक्सन	
क्षेत्राधिकार (ROW)	सडकको मध्य रेखाबाट २५ मि दायाँ बायाँ (५० मि.)
कुल सडकको चौडाई	शहरी क्षेत्र: ५० मि गामिण तथा वन क्षेत्र: २४ मि
गाडी गुड्ने चौडाई	१४ मि
सडक पेटी चौडाई	१.५ मि
बीचको पेटी	३ मि
डिजाइन मापदण्ड	
मापदण्ड	नेपाल रोड स्टाण्डर्ड २०७०, सन्दर्भ: AASHTO, BS, TRL र IRC तथा आवश्यकता अनुसारका मापदण्डहरु
डिजाइन गति	१०० कि.मि. प्रति घण्टा

क्रस ड्रेनेज	
जम्मा पुलहरू	ठुला पुल संख्या-२, सानो पुल -६, भियुपि-१, पियुपि-२, बक्स कल्भर्ट-६४, पाइप कल्भर्ट-७, फुट ओभर ब्रिज-१
आयोजनाको लागत	
जम्मा लागत	रू. ५,६८,४५,१०,६४१.००
परियोजना अवधि	३ वर्ष निर्माण र ५ वर्ष PBMS तथा ३ महिना पोस्ट PBMS

स्रोतः विस्तृत आयोजना प्रतिवेदन, २०२५

५. प्रस्ताव/आयोजनाको विस्तृत विवरण

यस सडक आयोजना बुद्धभूमि र शिवराज नगरपालिकामा अवस्थित इमिलिया, डुमरा, बरकलपुर, चम्पापुर, खरेन्द्रपुर, चन्द्रौटा, बालापुर, खैरी र शिवपुर बस्तीहरू हुँदै जान्छ। यस सडक खण्ड पूर्णतया समतल भू-भागबाट (सामान्यतया १०० देखि १५० मिटर) मा अवस्थित छ। यस सडक खण्डको केहि भागमा सामुदायिक वन तथा सरकारी वन रहेको छ। चन्द्रौटा र सहरी क्षेत्रमा अवस्थित सडकको चौडाई १५ मिटर रहेको छ। सडक खण्डमा रहेका सबै पुलहरू डबल लेन स्टाण्डर्डका रहेका छन् भने सडकको औसत उचाई करिव हालको सडक समान वा प्राकृतिक जमिनको स्तर भन्दा ०.५ देखि १ मिटर भन्दा माथिको हुनेछ तर खोला तथा खोल्सा रहेको स्थानमा ६ मि सम्मको उचाई रहनेछ । सडकको केन्द्र रेखाबाट दुवै तर्फ २५ मिटर (कुल ५० मिटर) सडक सिमा रहेको छ। त्यसकारण आयोजनाको लागि थप जग्गा प्राप्ति गर्नुपर्दैन।

६. अध्ययन विधि

यस प्रारम्भिक वातावरणीय परीक्षण वातावरण संरक्षण नियमावली २०७७, राष्ट्रिय प्रारम्भिक वातावरणीय परीक्षण निर्देशिका १९९३ तथा मिति २०८१/०४/२३ मा भौतिक तथा यातायात व्यवस्था मन्त्रालयद्वारा स्वीकृत क्षेत्र कार्यसूचीको अधीनमा रही तयार गरिएको छ। यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका उद्देश्यहरू प्राप्त गर्न आवश्यक संदर्भ सामाग्रीहरूका पूर्व अध्ययन गरिएको थियो र आयोजनाको प्रभावित क्षेत्र रेखाङकन गरिएको थियो। अध्ययन टोलीले विभिन्न चरणहरूमा आयोजना क्षेत्रको स्थलगत अध्ययन गरी सूचना सङ्कलन गर्ने, सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने तथा स्थलगत सर्वेक्षणको कार्य सम्पन्न गरिएको थियो। अध्ययन विधिहरूमा मुख्य रूपमा सन्दर्भ सामाग्रीको पुनरावलोकन, स्थलगत सर्वेक्षण, अन्तरक्रिया तथा छलफल लगाएत प्रभाव मूल्यांकन म्याट्रिक्स जस्ता विधि प्रभाव आंकलन एवं प्राथमिकरणका लागि प्रयोग गरिएको हो। त्यस क्षेत्रमा पाइने वन, वनस्पती र जनावरको बारेमा स्थलगत अध्यन तथा सरोकारवाला निकायसँग छलफल गरिएको थियो। वन्यजन्तुको विचरण र सडक दुर्घटना अवस्थाको जानकारीको लागि जनावरको साइन सर्वेक्षण तथा रोडकिल सर्भे पनि गरीएकको थियो। आयोजनाबाट प्रभावित

नगरपालिका र वडाहरूको जनसांख्यिकीय जानकारी सङ्कलन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित प्रतिवेदनहरूको समीक्षा गरिएको थियो। स्थानीय बासिन्दाहरू, वडाध्यक्ष लगाएत पदाधिकारीहरू, सम्बन्धित निकायका अधिकारीहरू, प्रतिनिधिहरू, प्रभावित व्यक्तिहरू र स्थानिय समाजसेवि एवं बुद्धिजिवि व्यक्तित्वहरू संग छलफल र अन्तर्वार्ता गरी आयोजना क्षेत्र बारे जानकारी सङ्कलन गरिएको थियो। यसका साथै परियोजनाबाट प्रभावित ५० परिवारहरु मध्ये ४६ प्रभावित घरधुरीको (४ घरधुरीहरुको जिल्ला बाहिर रहेको) सर्वेक्षण तथा अन्तर्वाता गरिएको थियो भने अनुपस्थिति थिए तसर्थ आयोजनाको प्रभावक्षेत्र भित्रका अन्य ३१२ घरधुरी गरी कुल ३५८ घरधुरी संग प्रश्नावली सर्वेक्षण गरिएको थियो। अध्ययनको क्रममा नेपालको संविधान, विद्यमान योजना, नीति, ऐन, नियम, नियम र दिशानिर्देशिका लगायत आयोजनाका डिजाईन रिपोर्ट तथा विश्व बैङ्क लगायत दातृसंस्थाका वातावरणीय एवं समाजिक सूरक्षण नीतिहरुको समेत समीक्षा गरी IEE प्रतिवेदनमा विस्तृत गरिएको छ।

६.१ भौतिक वातावरण: अध्ययन टोलीद्वारा चेकलिस्टहरू र प्रश्नावलीहरू प्रयोग गरेर प्रस्तावित आयोजना क्षेत्रमा डेटा सङ्कलन र मूल्याङ्कन गरेको थियो। स्थलगत अध्ययन गरि भौतिक वातावरणीय प्रभावहरु पहिचान र मूल्यांकन, खानेपानीको गुणस्तर र नदीको पानीको गुणस्तरका लागि पानीको नमूना परिक्षण गरि विश्लेषण, र High Volume Sampler उपकरण प्रयोग गरेर ३ स्थानहरूबाट २४ घण्टाको वायुको गुणस्तर र ध्वनि मापन गरिएको थियो। स्थलगत भ्रमणका आधारमा पहिरो, स्लोप अस्थिरताको तथ्याङ्क संकलन गरि विश्लेषण, भूगर्भीय र भू-संरचना तथ्याङ्क विस्तृत सर्वेक्षणका आधारमा विश्लेषण गरिएको थियो।

६.२ जैविक वातावरण: आयोजना क्षेत्रको रूख बिरुवाहरुको कूल गणना गरी तथ्याँक विश्लेषण, जैविक विविधता र वन्यजन्तुका लागि स्थलगत सर्वेक्षण अवलोकन र विभिन्न सन्दर्भ सामाग्रीको समीक्षा गरी जानकारी सङ्कलन गरिएको थियो। वन सर्भेक्षणका लागि सडकको क्षेत्राधिकार (RoW) भन्दा बाहिर २०x२० वर्ग मिटरका १७ वटा क्वाड्रेट स्थापना गरी सडकसँग जोडिएको वनको अवस्थाको पहिचान गरिएको थियो। त्यसैगरी, सडक स्तरोन्नतिको क्रममा हटाउनुपर्ने रुखहरूको संख्या पत्ता लगाउन तथा त्यसको न्यूनीकरण उपाय प्रस्ताव गर्न कपिलवस्तु डिभिजन वन कार्यालय, बुद्धभूमी अन्तर्गतका तीनवटा सवडिभिजन वनका कार्यालयका प्राविधिकहरू परिचालन गरी लगत निर्धारण गरिएको थियो। वन्यजन्तुको जैविक विविधता अध्ययनको क्रममा सार्वजनिक परामर्श र वन्यजन्तुको उपस्थितिलाई ड्रोपिंग/प्यालेट, अवशेष छाला, प्वाँख, हड्डी र मृत शरिर, गुँड आदिको पहिचान गरेर रेकर्ड गरिएको थियो। प्रमुख वन्यजन्तुको बासस्थान क्षेत्रहरू र तिनका गतिविधिहरू पहिचान गर्न, साथै आयोजनाबाट वन्यजन्तुमा पर्न सक्ने प्रभावहरू एवं वन्यजन्तुबाट आयोजनामा पर्न सक्ने प्रभावहरूको अध्ययन गर्न IBAT विश्लेषण गरिएको थियो।

वन नियमावली (२०७९) र वातावरण संरक्षण नियमावली (२०७७) अनुसार अध्ययन क्षेत्रका कुल रूखहरूको मात्रात्मक तथ्याङ्कको विश्लेषण गरिएको छ। जैविक विविधता र वन्यजन्तुको क्षेत्र सर्वेक्षणको लागि, साहित्य समीक्षा र सार्वजनिक परामर्श मार्फत थप जानकारी सङ्कलन गरिएको थियो। स्थलगत अध्ययनको क्रममा बन्यजन्तुहरूको अवशेष, छाला, प्वाँख, हड्डी र, गुँड आदिको पहिचान गरेर वन्यजन्तुको उपस्थिति रेकर्ड गरिएको थियो।

६.३ सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण: सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको लागि जनसांखिकीय तथ्याँक, बसोबासको अवस्था लगायत अन्य सामाजिक विशेषताहरु जस्तै प्रभावित घरधुरीको सामाजिक आर्थिक अवस्था, जातजातीहरु, खानेपानी तथा शौचालयको अवस्था, धार्मिक तथा संस्कृति क्षेत्रहरु, प्रभावित निजी तथा सामुदायिक संरचना र अन्य सार्वजनिक सेवा सम्बन्धि तथ्यांकहरु संकलन गरिएको थियो। स्तरोन्नतिका लागि संरचना भत्काउनु पर्ने क्षेत्रमा नम्बरसहित कलर मार्क राखिएको थियो। मुआव्जा निर्धारण समिति मार्फत आयोजनाले गर्दाहुने क्षतिको मुल्यांकन एवं सो क्षतिपूर्तिका लागि मुअव्जा निर्धारण गरिनेछ। यसबाहेक अन्य क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको स्थिति पहिचान गरिएको थियो।

७. विद्यमान वातावरणीय अवस्था

विद्यमान वातावरणिय अवस्थाले आयोजना निर्माण तथा सञ्चालन अवधिमा देखा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुलाई तुलना तथा अनुगमन गर्न सहयोग पुग्नेछ। सोही अनुरूप प्रभाव न्यूनीकरणका उपायहरू सुझाइ र वातावरण व्यवस्थापन रूपरेखा तयार पारिएको छ।

७.१ भौतिक वातावरण

गोरुसिङ्गे-चन्द्रौटा सडक तराई क्षेत्रमा, समुद्री सतहभन्दा माथि १०० मिटर देखि १५० मिटरको उचाइमा पर्दछ। सडक खण्डको माटो प्राय स्थिर छ भने आयोजना स्थल समतल क्षेत्रमा भएका कारण यस आयोजना स्थलमा कुनै स्लाइड र अस्थिर क्षेत्रहरू छैनन्। यस क्षेत्रको प्रमुख भू-उपयोगमा मानव बस्ती, कृषि योग्य जमिन, वन क्षेत्र र जलाधार/नदीनाला रहेको छ। सडकको सम्पूर्ण भूभाग सडक विभागको को सडक सिमा (RoW) भित्र पर्दछ। यहाँ सडकको दुवै छेउको भूमिको उपयोग मिश्रित प्रकारको रहेको छ। आयोजनाको सडकसँगै सामुदायिक, साझेदारी वन, विजुलीका पोल, सौर्य पोल, केबल, टेलिफोन र इन्टरनेट केबल, खानेपानीको पाइप लाइन आदि जस्ता धेरै संख्यामा सार्वजनिक उपयोगिताहरू रहेका छन्। प्रस्तावित सडक खण्ड इमिलियादेखि चन्द्रौटासम्म समतल भूभागमा अवस्थित छ जहाँ स्लोप अस्थिरताको कुनै समस्या छैन। आयोजना क्षेत्रको ३ खण्डबाट हावा, पानी, ध्वनी तथा माटोको गुणस्तर मापन गरी प्रतिबेदनमा समावेश गरिएको छ।

७.२ जैविक वातावरण

यस सडक कुनै पनि राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, वन्यजन्तु आरक्षण, शिकार आरक्षण भएर जाँदैन। आयोजना क्षेत्रमा मुख्यतया सालका रुखहरु र खोला बगर क्षेत्रमा खयर-सिसौका रुखहरु र गैर काष्ठ वन पैदावार अन्तर्गत जामुन, बर्रो, हर्रो, साज, बोटधाएरो, टाटरी, आदि रहेक छन। थप प्रजातिमा *Shorea robusta, Terminalia alata, Lagerstroemia parviflora, Phyllanthus emblica, Pterocarpus marsupium* जस्ता प्रजातिहरू पाउन सकिन्छ। मूल प्रजातिहरू मुख्यतया प्राकृतिक वनहरूमा पाइन्छ जहाँ स्थानीय मानिसहरूले आफ्नो घरमा विभिन्न उद्देश्यका लागि प्रयोग गर्दौ आएका छन्। कुल २४ प्रजातिका वनस्पति, १४ प्रजातिका स्तनधारी एवं ६२ प्रजातिका चरा, १२ सरीसृप तथा उभएचर र ९ प्रजातिका माछा अभिलेख गरिएका छन। आयोजना क्षेत्रबाट अभिलेख गरिएका केही विश्वव्यापी रूपमा संकटग्रस्त वन्यजन्तुहरूमा चितुवा (*Panthera pardus*), डंगर गिद्ध (*Gyps benghalensis*), सानो खैरो गिद्ध (*Gyps tenuirostris*), सेतो गिद्ध (*Neophron percnopterus*), अजिंगर (*Python bivittatus*) र पदनी कछुवा (*Lissemys punctata*) परेका छन्।

७.३ सामाजिक तथा सांस्कृतिक वातावरण

राष्ट्रिय जनगणना २०७८ अनुसार बुद्धभूमि नगरपालिकाको कुल जनसंख्या ७६,५०७ रहेको छ, जसमा ४८.३% (३६,९५१) पुरुष र ५१.७% (३९,५५६) महिला छन्। बुद्धभूमि नगरपालिकाको वडा नं. ९ मात्र आयोजना निर्माण खण्डमा पर्दछ। वडाको कुल जनसंख्या ११,०४३ रहेको छ जसमा ५,२२२ पुरुष र ५,८२१ महिला छन्। नगरपालिकाको लिङ्ग अनुपात ८९.८० रहेको छ। त्यसैगरी वडामा २ हजार ४ सय ४१ घरधुरी रहेका छन् भने औसत घरपरिवारको आकार ४.५२ रहेको छ। त्यसैगरी शिवराज नगरपालिकाको कुल जनसंख्या ८४.८ प्रतिशत रहेको छ जसमा ४८.७% (४१,३२८) पुरुष र ५१.३% (४३,४८२) महिला रहेका छन्। यस नगरपालिकामा १६ हजार २ सय ४१ घरधुरी रहेका छन् भने जनघनत्व प्रति वर्ग किलोमिटर २९९ जना रहेको छ। यस नगरपालिकाको साक्षरता दर ७२.७% छ।

यस क्षेत्रका आयोजनामा प्रभावितहरू प्रायः व्यवसायिक गतिविधिमा निर्भर छन्। प्रस्तावित सडक छेउमा चारवटा ठूला बस्ती रहेका छन्। अधिकांश आधारभूत सुविधाहरू जस्तै स्वास्थ्य चौकी, अस्पताल, विद्यालय (प्राथमिक/माध्यमिक), बजार केन्द्र, पशु चिकित्सा केन्द्र, मातृ सुविधा, विद्युत कार्यालय, खानेपानी व्यवस्थाका साथै बैंकिङ सुविधाहरू आयोजना क्षेत्रमा उपलब्ध छन्।

सडक छेउको विभिन्न स्थानमा शिव मन्दिर, दियार, देवी मन्दिर लगायत हिन्दू धार्मिक संरचनाहरु रहेका छन् । त्यस्तै, चन्द्रौटामा मस्जिद/मदरसा सडकको छेउमा अवस्थित छ। अधिकांश समुदाय पहाडी क्षेत्रबाट बसाईं सरेका छन् र समुदाय जाति र जातिको हिसाबले विविधतायुक्त छ। आयोजना क्षेत्रमा ब्राह्मण/क्षेत्रीहरुको बाहुल्यता रहेको छ।

८. वातावरणीय प्रभावहरु

८.१ सकारात्मक प्रभाव तथा अभिवृद्धिका उपायहरु

यस आयोजनाले लगभग ४६२,००० जना कामदारलाई रोजगारी दिनेछ। आयोजनाका लाभ तथा फाइदाहरूमा VUP, PUPs आदि जस्ता अन्य सुविधाहरू सहितको सडक पूर्वाधारमा सुधार, नयाँ सडकमा राम्रो सुरक्षा, आर्थिक विकास र स्थानीय जनताको जीविकोपार्जन, रोजगारी सृजना, आय आर्जन (व्यापार, कृषि, व्यवसाय र उद्योग), कार्बन उत्सर्जनमा कमी जस्ता विषयहरू रहेका छन् ।

८.२. वातावरणीय प्रतिकूल प्रभाव र न्यूनीकरणका उपायहरू

आयोजनाको प्रभाव न्यूनीकरणका लागि प्रभाव न्यूनीकरण भन्दा प्रभावको रोकथाम वा जोगाउनु नै राम्रो हुन्छ। तसर्थ डिजाइन र वातावरणीय टोलीहरू बीच निरन्तर अन्तरक्रिया मार्फत डिजाइन चरणमा प्रतिकूल प्रभावहरूबाट बच्ने र न्यूनीकरण गर्ने प्रावधानहरूको व्यवस्था गरिएको छ।

८.२.१ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

८.२.१.१ निर्माण चरण

निजी तथा सामुदायिक संरचनालाई प्रभावः प्रस्तावित सडक आयोजनाबाट सडकसिमा भित्रका जम्मा ५३ वटा निजी संरचना, ८२ वटा सार्वजनिक सरचनाहरु र १२०२ वटा सार्वजनिक उपयोगिताहरु प्रभावित हुनेछन्। तीमध्ये ५ वटा निजी संरचना पूर्ण रूपमा प्रभावित भई भत्काउनुपर्नेछ। बाँकी संरचनाहरू आंशिक रूपमा मात्र प्रभावित हुनेछन्। आयोजनाले प्रभावित ५० घरधुरीलाई जग्गा प्राप्ति ऐन-२०३४ अनुसार क्षतिपूर्ति प्रदान गरिनेछ । आयोजनाले प्रभावित परिवारका सदस्यहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरू प्रदान गर्नेछ। प्रभावित घरधुरीमा पर्ने असरलाई सम्बोधन र न्यूनीकरण गर्न पुनर्स्थापना कार्ययोजना तयार पारिएको छ।

विद्यमान सामाजिक तथा सांस्कृतिक अभ्यासहरूमा प्रभावः सडक स्तरोन्नतिको क्रममा विभिन्न पृष्ठभूमिका कामदारहरू अस्थायी आवासमा सँगै बस्नुपर्ने हुन्छ जसले केही चुनौतीहरू उत्पन्न गर्न सक्छ। फरक-फरक क्षेत्र वा सांस्कृतिक सन्दर्भबाट आएका व्यक्तिहरूको उपस्थितिले सामाजिक मान्यता, सञ्चार शैली, र दैनिक अभ्यासहरूमा भिन्नता ल्याउन सक्छ, जसका कारण गलत बुझाइ वा विवाद उत्पन्न हुन सक्छ। साथै, डुमरा वस्ती स्थित थारु समुदायको महत्वपूर्ण पवित्र स्थान दियारलाई सार्नु पर्ने आवश्यकता देखिन्छ। आयोजना क्षेत्र वरपरका सामाजिक र सांस्कृतिक मूल्यमान्यता र अभ्यासहरू बारे सबै श्रमिकहरूलाई जानकारी दिइनेछ। कामदारहरूलाई समुदायमा शान्तिपूर्ण वातावरण कायम राख्न प्रोत्साहित गरिन्छ। धार्मिक स्थल सार्नका लागि स्थानीय तथा चौधरी सामुदायका प्रमुख समेतको सल्लाहमा धार्मिक क्षमापुजा सहित स्थानान्तरण गरिनेछ।

पेशागत स्वास्थ्य तथा सुरक्षाः निर्माण कामदारहरू, विशेष गरी जोखिम क्षेत्रमा काम गर्ने मजदुरहरू घाइते हुन सक्छन्। कामदारहरू विभिन्न रोगको पनि सिकार हुन सक्छन्। ईन्धन, लुब्रिकन्ट्स,

बिटुमेन आदि सँग सम्बन्धित काम गर्ने कामदारहरूको स्वास्थ्यलाई जोखिम हुन सक्छ। कामदारहरूलाई सुरक्षित तरिकाले काममा लगाउन उनीहरूलाई आवश्यक सुरक्षा उपकरण (पीपीई) जस्तै हेलमेट, बुट, ग्लोभ्स, सेफ्टी बेल्ट, सुरक्षा चश्मा र मास्क प्रदान गरिनेछ। निर्माण व्यवसायीले कार्य अवधि र आपतकालिन अवस्थाको बेला कामदारहरूको लागि प्राथमिक सुरक्षा किट र औषधिको व्यवस्था गर्नेछ। गम्भीर चोटपटक र दुर्घटना भएमा घाइतेहरूलाई आवश्यक पर्ने निदान र उपचार सुविधाका साथ नजिकैको अस्पतालमा लगिनेछ । निर्माण साइटहरूमा अनाधिकृत व्यक्तिको पहुँच प्रतिबन्ध गर्न चेतावनी संकेतहरू, पोष्टहरू, अवरोधहरू र गार्डहरू स्थापना गरिनेछ। कामदारहरूको लागि दुर्घटना बीमा गरिनेछ ।

सामाजिक सेवाहरूमा दबाब (पिउने पानी, स्वास्थ्य, विद्यालय, बैंक, बिजुली, आदि): निर्माण कार्यका लागि श्रमिकहरूको आगमनले सामाजिक सेवाहरू (पिउने पानी, स्वास्थ्य सेवा, विद्युत् आदिको) मा माग बढाउँछ। यो बढ्दो मागले हालको पानी आपूर्तिमा थप समस्या सिर्जना गर्न सक्छ र सीमित स्रोतहरूमा प्रतिस्पर्धा बढाउन सक्छ। कामदारहरूलाई कम प्रयोग, पुनः प्रयोग तथा पुनर्चक्रण सम्बन्धि तालिम प्रदान गरिनेछ। सीमित स्रोतहरूको उपयुक्त प्रयोग तथा दुरुपयोग नगर्न प्रोत्साहन गरिनेछ। स्वास्थ्य सेवाको पहुँच र क्षमता बढाउन मोबाइल स्वास्थ्य क्लिनिकहरू स्थापना गर्नुका साथै निजी साझेदारीहरूको प्रयोग गर्न सुझाव दिईनेछ। बिजुलीको अनावश्यक प्रयोग कम गर्न सौर्य ऊर्जा र अन्य पुनःनवीकरणीय स्रोतहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

लैङ्गिक हिंसा जोखिमः योजनाको निर्माण कार्यमा बाहिरी श्रमिकहरूको आगमनले स्थानीय बासिन्दाहरूलाई असर गर्न सक्छ। निर्माण चरणमा महिलाहरूको तस्करीका घटना बढ्न सक्ने सम्भावना हुन्छ। विशेषगरी महिला श्रमिकहरूप्रति यौन शोषण तथा दुव्र्यवहार (SEA) र यौन उत्पीडन (SH) को खतरा रहन्छ। साथै, महिला श्रमिकहरूलाई निर्माण कम्पनि द्वारा दैनिक पारिश्रमिकमा विभेद हुन सक्ने सम्भावना पनि रहन्छ। महिला र बालबालिकाहरूलाई यौन शोषण तथा दुर्व्यवहार (SEA) र यौन उत्पीडन (SH) बारे सचेत गराउन सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ। आयोजनासँग सम्बन्धित SEA र SH का घटनाहरू रिपोर्टिङ गर्न प्रोत्साहन गरिनेछ। यसका साथै आयोजनामा संलग्न व्यक्तिहरूको भूमिका र जिम्मेवारीहरू बारे जानकारी गराइनेछ। एउटै प्रकारको काम गर्ने महिला र पुरुषलाई समान पारिश्रमिक सुनिश्चित गरिनेछ।

८.२.१.२ सञ्चालन चरण

धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको प्रयोगसँग सम्बन्धित जोखिमहरू: सुपादेउराली मन्दिर र चन्द्रौटा चोकमा रहेको मस्जिद/मदरसामा प्रार्थनाका लागि जाने व्यक्तिहरूलाई सडक पार गर्ने क्रममा दुर्घटनाको जोखिम रहन्छ। सुपदेउराली सुपादेउराली मन्दिर Sharp मोडमा रहेकाले यो क्षेत्र अझै संवेदनशील मानिन्छ। सुपादेउराली मन्दिरमा सम्भावित दुर्घटनालाई कम गर्न चेतावनी बोर्ड र जेब्रा क्रसिङको व्यवस्था गरिनेछ। चन्द्रौटा चोकको मदरसा पहुँचका लागि PUP(पैदल यात्रु मार्ग) को व्यवस्था गरिनेछ।

८.२.१.३ भौतिक तथा रासायनिक वातावरण

८.२.१.४ निर्माण चरण

भू-उपयोग परिवर्तनः शहरी क्षेत्रमा सडकको चौडाइ ५० मिटर र ग्रामीण तथा वन क्षेत्रमा २४ मिटर तोकिएको छ। सडकको अधिकार क्षेत्र (RoW) पहिले नै MoPIT/सरकारको नाममा सारिएको छ। तर, हालको सडक चौडाइ १२ देखि १८ मिटर मात्र छ र बाँकी ६६.७६ हेक्टर क्षेत्र थपिनेछ। यस क्षेत्रमा २४% कृषि, ४०.६% वन, २२.७% बाँझो, ११.८% बस्ती र १.४% जल क्षेत्र पर्नेछ। कटान भएको सडक किनारमा वृक्षरोपण गरी पुन हरियाली कायम गरिनेछ। सडक छेउको क्षेत्रको टपसोईल संकलन गरिनेछ जसलाई निर्माणका सिलशिलामा Embankment को किनारामा घाँस उमार्न तथा सडकको मध्य भागको median मा प्रयोग गरिनेछ।

परियोजना सम्बन्धित प्लान्टहरु (जस्तैः क्रसर प्लान्ट, ब्याचिङ प्लान्ट, अस्फाल्ट प्लान्ट) तथा वर्कसप सञ्चालनसँग सम्बन्धित प्रभावहरू: आयोजनाका प्लान्टहरु सञ्चालन गर्दा धुलोका कणहरू फैलने, उच्च आवाजको प्रदूषण हुने र लुब्रिकेन्ट चुहावटले स्थानीय स्तरमा वायु, ध्वनि तथा माटो प्रदूषण निम्त्याउने सम्भावना रहन्छ। यदि प्लान्टहरु पानीका स्रोतहरू नजिक स्थापना गरियो भने पानी प्रदूषण पनि हुन सक्छ। यस्ता प्लान्ट सञ्चालन गर्दा यदि श्रमिकहरूले व्यक्तिगत सुरक्षा उपकरण (PPE) प्रयोग नगरेमा वा सुरक्षा उपायहरू नअपनाएमा स्वास्थ्यमा असर पुग्न सक्छ वा दुर्घटना हुनसक्छ। क्रसर प्लान्ट आसपासको क्षेत्रलाई ध्वनि प्रदूषणबाट जोगाउन दिनको समयमा मात्र सञ्चालन गरिनेछ। धुलो कम गर्न क्रसर सञ्चालनको समय तालिका बनाइनेछ र यदि स्थानीय समुदाय प्रभावित हुने सम्भावना भएमा हावाहुरी हुने समयमा सञ्चालन नगरिनेछ। निर्माण सामाग्री ढुवानी गर्दा पूरै छोपेर मात्र लैजाने व्यवस्था गरिनेछ। साइटमा फोहोर व्यवस्थापनका लागि जैविक र अजैविक फोहोर छुट्याएर बेग्लाबेग्लै राखिनेछ र उचित रूपमा निस्तारण गरिनेछ। वायु गुणस्तर, ध्वनि स्तर, र कम्पनलाई समय-समयमा अनुगमन गरिनेछ ताकि तिनीहरू स्वीकृत सीमा भित्रै रहून्। साथै, श्रमिकहरूको स्वास्थ्य र सुरक्षाको लागि हेल्मेट, पञ्जा, मास्क, कान थुन्ने जस्ता व्यक्तिगत सुरक्षा उपकरण (PPE) उपलब्ध गराइनेछ।

पुल/निकास संरचनाको निर्माणः प्रस्तावित सडक स्तरोन्नति परियोजनामा २ ठूला पुल, ६ साना पुल, १ VUP, २ PUPs, ६४ बक्स कल्भर्ट, ७ पाइप कल्भर्ट, साइड ड्रेन्स, र संरक्षणात्मक संरचनाहरू निर्माण समावेश छन्। यसले प्राकृतिक पानी बग्ने धारामा परिवर्तन ल्याई सतही बहाव अवरुद्ध भई मनसुन समयमा अस्थायी डुबान वा बाढीको सम्भावना बढ्न सक्छ। पुलको पिल्लर निर्माणका लागि नदी मोड्ने कार्य गर्दा नदीको ढलान तथा माटोको बहावमा परिवर्तन हुनसक्छ। साथै, निर्माण सामाग्री पानीमा फाल्दा जलजीवहरूमा प्रतिकूल असर पर्न सक्छ। यसलाई न्यूनीकरण गर्न ह्युम पाइप जस्ता अस्थायी माध्यमद्वारा प्राकृतिक बहाव कायम राखिनेछ। खनिएको माटो पूर्वनिर्धारित स्थानमा मात्र राखिनेछ। नदी, खोला, वा पोखरी क्षेत्र वरपर कुनै निर्माण कार्य मनसुन समयमा गरिने

छैन। बाढी न्यूनीकरण गर्न सबै पाइप कल्भर्टहरू बाकस कल्भर्टले प्रतिस्थापन गरिनेछ। बेलवागुर्दवा नदी र ज्वाइ खोलालाई वन्यजन्तु आवतजावतको प्रमुख मार्ग भएकाले उपयुक्त बार लगाइनेछ। बेल नदीको शवदाह स्थलमा पहुँच कायम गरिनेछ र वरपर निर्माण सामाग्री नथुपारिने व्यवस्था गरिनेछ।

निर्माण शिविरको स्थापना र सञ्चालनः श्रमिक शिविर र निर्माण सामाग्रीको भण्डारण स्थलहरू स्थानीय समुदायमा प्रतिकूल प्रभाव पार्न सक्छ। ती स्थानमा निर्माण सामाग्री लाने-ल्याउने सवारीको चाप बढ्दा स्थानीय सडकहरूमा दुर्घटना जोखिम र जामको समस्या हुन सक्छ। भारी उपकरणको सञ्चालनले धुलो र ध्वनि प्रदूषण बढाउँछ, जसले स्थानीय बासिन्दाको स्वास्थ्य र जीवनस्तरमा असर पार्न सक्छ। बाह्य श्रमिकको आगमनले पानी र सरसफाइ जस्ता स्थानीय स्रोतहरूमा अतिरिक्त दबाब सिर्जना गर्न सक्छ। यदि निर्माण सामाग्री सही तरिकाले संकलन नगरिएमा धुलो, सतही पानी प्रदूषण र आसपासको निजी तथा सार्वजनिक सम्पत्तिमा असर पर्न सक्छ। निर्माण व्यवसायीले यस प्रतिवेदनको वातावरण व्यवस्थापन योजना (EMP) अनुसार विस्तृत स्थल विशेष शिविर व्यवस्थापन योजना तयार गर्नेछ। प्रस्तावित स्थलहरू पर्यवेक्षण परामर्शदाता (Supervision Consultant) बाट स्वीकृति लिएपछि मात्र प्रयोग गरिनेछ। शिविरहरूमा आगलागी नियन्त्रण, शौचालय, नुहाउने सुविधा, पिउने पानी, सफा भोजन क्षेत्र, बत्ती, सुरक्षित आवतजावत, हावाको प्रवाह, ग्यास/मट्टितेलको व्यवस्था लगायतका आधारभूत सेवा प्रदान गरिनेछ। महिला श्रमिकको लागि छुट्टै व्यवस्था गरिनेछ। प्राथमिक उपचार सुविधा प्रत्येक शिविरमा उपलब्ध गराइनेछ। साथै, निर्माण सामाग्री उचित स्थानमा सुरक्षित रूपमा राखिनेछ जसबाट धुलो नउडोस् र सुरक्षा मापदण्डहरू पालना होस्।

वायु प्रदुषणः निर्माण कार्यको समयमा खन्ने काम, खानी सञ्चालन, क्रसर तथा ब्याचिंग प्लान्टको सञ्चालनले प्रस्तावित सडकको आसपास वायु प्रदूषण गर्न सक्छ। यस्ता गतिविधिले मुख्यतः धुलो तथा धुवाँ उत्पादन गर्छन्, जसले वायु गुणस्तरमा गम्भीर असर पार्छ। डीजेल, पेट्रोल र मट्टितेल जस्ता इन्धन जलाउँदा सल्फर अक्साइड (SOx), नाइट्रोजन अक्साइड (NOx), कार्बन डाइअक्साइड (CO_2) जस्ता प्रदूषकहरू उत्सर्जन हुन्छन्। साथै, सवारी साधन तथा मेसिनको सञ्चालनले पनि धुवाँ र सूक्ष्म कणहरू उत्सर्जन गर्छन्, जसले स्थानीय बासिन्दाहरूलाई असहज पार्न सक्छ।

ध्वनि प्रदूषणः निर्माण अवधिमा सवारीको आवाज, मेसिनरी सञ्चालन, क्रसर प्लान्ट र सामाग्री यातायातको कारणले आवाजको स्तर धेरै बढ्नेछ। निरन्तर उच्च आवाजको सम्पर्कले वन्यजन्तु, श्रमिक तथा स्थानीय बासिन्दाको स्वास्थ्यमा असर पुऱ्याउन सक्छ।

खानी र उत्खनन क्षेत्रको स्थापना र सञ्चालनः निर्माण सामाग्रीको उत्खनन र यातायातका कारण धुलो तथा आवाजको मात्रा बढ्न सक्छ, जसले स्थानीयको दैनिक जीवन र स्वास्थ्यमा असर पार्छ। सामाग्री ढुवानीमा प्रयोग हुने भारी ट्रकहरूले सडकमा ट्राफिक जाम र सुरक्षासम्बन्धी खतरा उत्पन्न गर्न सक्छ। खानी सञ्चालनबाट भौगोलिक स्वरूपमा परिवर्तन भई वरपरको घर र प्राकृतिक आवासमा असर पर्न सक्छ। धुलो नियन्त्रणका लागि नियमित रूपमा पानी छर्किने व्यवस्था गरिनेछ,

साथै ढुवानी गरिने सामाग्रीलाई छोपेर लैजाने व्यवस्था गरिनेछ। सबै कार्यहरू दिनको समयमा मात्र सञ्चालन गरिनेछन्। श्रमिकलाई मास्क, हेल्मेट, पञ्जा, बुटसहित व्यक्तिगत सुरक्षा उपकरण उपलब्ध गराइनेछ। थप रूपमा, प्रत्येक खानी/माटो उत्खनन क्षेत्रको लागि निर्माण व्यवसायीद्वारा विशेष योजनासहित पुनःस्थापना योजना तयार गरिनेछ।

सतही तथा भूमिगत पानी प्रदूषणः सडक चौडाइ विस्तार गर्दा निर्माण सामाग्रीबाट हुने चुहावट तथा शिविरबाट उत्पादन हुने फोहोरको असक्षम व्यवस्थापनले जलको गुणस्तरमा असर पार्न सक्छ। सडकको सतह विस्तारसँगै हुने बहावले प्रदूषक तत्त्वहरूलाई नजिकैको जलाशयमा बगाएर लैजान सक्छ। निर्माण संग सम्बन्धित माटो वा फोहोर लाई पानीको स्रोत नजिक फाल्न पूर्णरूपमा प्रतिबन्ध गरिनेछ। बिकल्पविहिन अवस्थामा पानीका श्रोतहरू भन्दा न्यूनतम १०० मिटरको दुरीमा विसर्जन गरिनेछ। नदी वा पोखरीमा फोहोर जान नदिन सिल्ट फेन्स र बुट्टे बारहरू राखिनेछ। सम्पूर्ण निर्माणजन्य फोहोरहरू संकलन, भण्डारण र अनुमोदित स्थानमा लैजाने व्यवस्था गरिनेछ। रासायनिक पदार्थहरू पानीको स्रोतको नजिक प्रयोग गर्न पाइने छैन। नदी वा खोलामा सवारी वा उपकरण सफा गर्ने काम गरिने छैन। विशेषगरी बेलगडवा र बेलवा गुर्दवानदीमा लुगा धोइ वा प्रदूषक फाल्न पाइने छैन।

निर्माण कार्यमा अत्यधिक इन्धनको प्रयोगले कार्बन उत्सर्जनमा वृद्धिः सडक विस्तारको क्रममा निर्माण मेसिन, जेनरेटर तथा गाडीहरूबाट अत्यधिक इन्धन प्रयोग हुनाले कार्बनडाइअक्साइड र अन्य हरितगृह ग्यासहरू उत्सर्जन बढ्न सक्छ, जसले वायू गुणस्तरमा असर पुर्याउँछ। इन्धन खपत घटाउन र कार्यक्षमता बढाउन निर्माण उपकरणको नियमित मर्मत गरिनेछ, प्रविधि उन्नत उपकरण प्राथमिकतामा राखिनेछ। साथै, ह्यान्डी उपकरणमार्फत वायू गुणस्तर र सवारी साधनको उत्सर्जन जाँच गरिनेछ र आवश्यक मर्मत गरिनेछ।

८.२.१.५ सञ्चालन चरण

वायु तथा ध्वनि प्रदूषणः चार लेनमा स्तरोन्नति गरिने सडक सतहले गर्दा वायु प्रदुषण हालको सडकको तुलनामा न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। तर, सवारीसाधनको संख्यामा वृद्धि र सडकछेउका व्यावसायिक तथा औद्योगिक क्रियाकलापमा बृद्धिले वायु र गाडीको अत्याधिक गतिले सृजित ध्वनिका कारण प्रदूषणको स्तर अझै बढ्न सक्दछ जसले निजिकका बस्तीलाई प्रदुषित गर्न सक्दछ। धुलो न्यूनीकरण तथा सडक गुणस्तर कायम राख्न पाँच वर्ष सम्म नियमित मर्मत (जस्तै खाल्डाखुल्डी सुधार) गर्नेगरि आयोजना कार्यन्वयन गरिनेछ। त्यसैगरी सडक छेउ वृक्षारोपण गरिनेछ र ती बोटहरूलाई ध्वनि तथा धुलो नियन्त्रण गर्ने प्राकृतिक अवरोधका रूपमा विकास गरिनेछ।

क्रस ड्रेनेज प्रणालीमा अवरोधले जलमग्नता तथा ढल व्यवस्थापनमा असर: सडक स्तरोन्नतिको क्रममा क्रस ड्रेनेज प्रणालीमा अवरोध आउन सक्नेछ, जसले जल प्रवाहमा बाधा पुऱ्याएर वरपरका क्षेत्रहरूमा जलमग्नता वा बाढीको अवस्था सिर्जना गर्न सक्छ। कमजोर डिजाइन वा अपर्याप्त ढल संरचना निर्माणका कारण वर्षायाममा समस्या झनै गम्भीर बन्न सक्छ। यसले जमिन चोपिने, माटो क्षय हुने, र संरचना तथा पारिस्थितिकीय प्रणालीहरूमा दीर्घकालीन क्षति पुऱ्याउन सक्छ। बाढी र जलमग्नता न्यूनीकरणका लागि सबै पाइप कल्भर्टहरूलाई बक्स कल्भर्टमा रूपान्तरण गरिनेछ। र जल प्रवाहलाई स्वाभाविक रूपमा बहन दिने व्यवस्था मिलाइनेछ। जल मार्गमा जम्मा भएको सिल्ट हटाइनेछ। सडक अवस्थाको नियमित अनुगमन र मर्मत कार्य, विशेष गरी वर्षायाम अघि र पछि, अनिवार्य रूपमा गरिनेछ। सडक विभाग (**DoR**) ले क्रस ड्रेनेज सफा गर्ने, नालीहरूको सरसफाइ गर्ने र ढलान संरक्षण संरचना निर्माण गर्नका लागि नियमित मर्मत गर्ने कर्मचारीको व्यवस्था गरिसकेको छ।

उच्च गतिका सवारी साधनको हेडलाइट चमकबाट उत्पन्न हुने असरहरू: आयोजना संगै स्तरोन्नति हुने सडकमा उच्च गतिका सवारी साधनहरुको हेडलाइटको चमकले दृश्टि कमजोरिका कारण बनाउने सम्भावना रहन्छ, जसले सडक दुर्घटनाको समेत जोखिम बढाउँनेछ। राम्रो सडक अवस्थाले सवारीको गति बढाउने हुँदा प्रकासको प्रभाव झन तीव्र हुने र चालकहरूले अगाडि देख्न गाह्रो हुने अवस्था सिर्जना हुन्छ। यस समस्या न्यूनीकरण गर्न सडक सिमामा बृक्षरोपण गरिनेछ, जसले समुदायलाई प्रकास प्रभाव बाट जोगाउँछ। त्यसैगरि सडकको **Median** भागमा बाक्लो बुट्यान र सजावटी बुट्यानहरु रोपिनेछन जसले दिपरित दिशाको गाडीको लाई प्रकासबाट जोगाउनेछ।

८.२.१.६ जैविक वातावरण

८.२.१.७ निर्माण चरण

वनसम्पदाको क्षति (वनको प्रकार र उपलब्ध वनस्पति प्रजातिहरू): प्रस्तावित ४ लेनको राजमार्गको चौडाइ वन क्षेत्रभित्र २४ मिटर रहनेछ। सबै निर्माण गतिविधिहरू सडक विभागको अधिकारक्षेत्रमा रहेको सडक सिमाक्षेत्र (**RoW**) भित्र गरिनेछ। सडक विस्तारको क्रममा **RoW** भित्र रहेका ९८०८ रूखहरू काटिनेछन्। वन क्षेत्रबाट हटाइएका रूखहरूको क्षतिपूर्ति नेपाल सरकारको नियम अनुसार गरिनेछ। वन ऐन, २०७६ र वन नियमावली, २०७९ अनुसार अनुसार राइट अफ वे भित्र काटिएका रुखहरुको क्षतिपुर्ती बापत १:१० को दरमा रुख बिरुवा रोप्ने तथा हुर्काउने रकम वन विकास कोषमा जम्मा गरिनेछ। साथै, निर्माण कार्यमा संलग्न निमार्ण व्यवसायीले खाना पकाउन एलपी

ग्याँस वा विद्युतको व्यवस्था गर्नेछ। वन क्षेत्रमा अस्थायी संरचना निर्माण गरिने छैन र श्रमिकहरूलाई वनस्पति तथा वन्यजन्तु संरक्षणको महत्वबारे जानकारी दिइनेछ।

निर्माण कार्य एवं लापर्वाहीका कारण वन्यजन्तुको आवागमनमा अवरोध तथा दुर्घटना: निर्माण कार्यले सडकमा वन्यजन्तु दुर्घटनाको जोखिम बढाउँछ। सडक विस्तारले वन्यजन्तुको बासस्थानमा अवरोध पुऱ्याउँछ र सवारीसाधनको चाप बढाउँछ, जसका कारण जनावरहरूको सडक पार गर्ने क्रम बढ्ने सम्भावना हुन्छ। जंगलको आच्छादन हराउनु र बासस्थान टुक्रिनुका कारण जनावरहरू अपरिचित वा फेरिएको क्षेत्रमा जान बाध्य हुन्छन्, जसले सवारीसँग ठोक्किने सम्भावना बढाउँछ। साथै वन क्षेत्रमा लामो निर्माणकार्य गर्दा वा निर्माण पश्चात समेत निर्माणस्थल क्लोजर नभएका कारण त्यस्तै विजुलिका तारहरु व्यवस्थित नभएर वा समयमा निर्माण बन्ध गराउन नसक्दा वन्यजन्तुको आवागमनमा कठिनाई संगै दुर्घटना हुन सक्ने करेन्ट लागेर समेत मृत्युहुन सक्ने देखिन्छ। सडक विस्तारपछि सवारीको गति र संख्या दुवै बढ्ने भएकाले वन्यजन्तु दुर्घटनाको जोखिम अझ बढ्छ। वन क्षेत्रमा पर्ने **RoW** भित्र रूख कटान गर्दा वन्यजन्तुको बासस्थानमा क्षति पुग्छ र तिनीहरूमा असहजता उत्पन्न हुन्छ। चराहरूको गुँड बनाउने मौसममा रूख कटान गर्दा चराहरूको प्रजनन गतिविधिमा अवरोध पुऱ्याउन सक्छ। निर्माण अवधिमा मानिसहरूको चाप र आवाजले चराहरूमा डर वा असामान्य व्यवहार देखिन सक्छ। जंगल बाहेक, धेरै वन्य प्रजातिहरू नदी, कुलो, रूख, झारजङ्गल र प्राकृतिक मार्गहरूमा निर्भर हुन्छन्। निर्माणको क्रममा यस्ता विशेषता हटाउँदा वन्यजन्तुको आवागमन तथा आपसी सम्बन्धमा गम्भीर अवरोध आउन सक्छ।

वन क्षेत्रमा पर्ने वन्यजन्तु आवागमन मार्गमा विशेष गरी वन्यजन्तु अनुकूल निर्माण संरचना (जस्तै अन्डरपास/कल्भर्ट) निर्माण गरिनेछ, जसले वन्यजन्तुलाई सहज आवागमनमा सहायता पुऱ्याउनेछ। ठूला वन्यजन्तु प्रजातिका लागि Ch. 648+561 (बेलनदी) र Ch. 649+257 (ज्वाइखोला) मा विशेष वन्यजन्तु क्रसिङ संरचना प्रस्ताव गरिएको छ। मध्यम आकारका वन्यजन्तुका लागि Ch. 645+789 र Ch. 647+157 मा सानो पुल प्रस्ताव गरिएको छ। साना वन्यजन्तु र सरीसृप (herpetofauna) प्रजातिहरूको लागि Ch. 643+336, Ch. 649+036, Ch. 646+233, र Ch. 647+791 मा कल्भर्ट निर्माण गरिनेछ। यी संरचनाहरूको आकार वन्यजन्तुमैत्री पूर्वाधार निर्देशिका (Guidelines for Wildlife-Friendly Infrastructure, 2022) अनुसार हुनेछ, जुन नेपाल सरकारद्वारा अनुमोदित गरिएको छ। Ch. 648+900 मा रूखमा विचरणा गर्ने वन्यजन्तुहरू, जस्तै तराई ग्रे लंगुर, रातो बाँदर आदि को लागि क्यानोपी ब्रिज (Canopy bridge) प्रस्ताव गरिएको छ। बरकलपुरदेखि जवाई खोलासम्मको क्षेत्रमा वन्यजन्तु चेतावनी संकेत, गति सिमा बोर्डहरू, र क्रसिङ बोर्डहरू राखिनेछ। साना वन्यजन्तुको

आवागमन सहज बनाउन हालका पाइप कल्भर्टहरूलाई बढी चौडा र लामा बक्स कल्भर्टमा प्रतिस्थापन गरिनेछ। वन क्षेत्रमा कुनै पनि कामदार शिविर वा अन्य संरचना निर्माण गरिने छैन।

